कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २४ | अंक: ३१६ | वि.सं. २०८१ फागुन २५ आइतवार | नेपाल संवत्: ११४४, फागुन शुक्ल दशमी | Sunday 9 March 2025 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५।-

बेलगाम स्थानीय तहका जनप्रतिनिधि

# पालिकामा आएको बजेट रोक्न वडा अध्यक्षले लेखे सरकारलाई पत्र

**रमेश रावल**
**सुर्खेत, २४ फागुन ।**

कालीकोटको पलाँता गाउँपालिकाका एक वडा अध्यक्षले पालिकाको विकास बजेट कार्यान्वयन नगर्न माग गर्दै शहरी विकास मन्त्रालयलाई पत्र लेखेका छन् । पालिकाका विभिन्न आयोजनाहरुका लागि छुट्याइएको बजेट कार्यान्वयन नगर्न भन्दै वडा नम्बर ९ का वडा अध्यक्ष मानसिंह बमले शहरी विकास मन्त्रालयलाई पत्राचार गरेका हुन् ।

वडा अध्यक्ष बमको उक्त कदमले नागरिकको घरदैलोमा रहेर सेवा प्रवाह गर्ने तथा विकास निर्माणको जिम्मेवारी पाएका जनप्रतिनीधि नै जे मन लाग्यो त्यहीँ गर्नतर्फ उद्दत रहेको पाइएको छ । वडा अध्यक्ष बमले लेखेको पत्र २०८१ साल असोज २ गते शहरी विकास मन्त्रालयमा दर्ता भएको छ । वडा अध्यक्ष बमले मन्त्रालयलाई पत्र लेख्दै योजनाहरुमा कमिशनको खेल भएको आरोप लगाएका छन् ।

पूर्व शहरी विकास मन्त्री धनबहादुर बुढाको सल्लाहकार रहेका पलाँता गाउपालिका-७ का मनसिंह

बाँकी २ पेजमा




## विकासमा राजनीति गरेको आरोप

वडा अध्यक्ष बम कांग्रेसबाट निर्वाचित जनप्रतिनिधि हुन् भने गाउँपालिकाको अध्यक्ष/उपाध्यक्षलगायत अधिकांश वडाहरुमा नेकपा माओवादी केन्द्रबाट निर्वाचित जनप्रतिनिधि छन् । राजनीतिक पूर्वाग्रहका कारण वडाध्यक्ष बमले विकास योजनाहरुमा अवरोध सिर्जना गर्न खोजेको गाउँपालिका अध्यक्ष विष्णुबहादुर रोकायको आशंका छ ।

अघिल्लो सरकारको पालामा नेपाल कम्युनिष्ट पार्टी (समाजवादी) का नेता धनबहादुर बुढा शहरी विकास मन्त्री थिए । उनी मन्त्री रहेका बेला

बाँकी ३ पेजमा

## यी हन् रोक्का गर्न माग गरिएका योजना

वडा अध्यक्ष बमले गाउँपालिकामा शहरी विकास मन्त्रालयबाट आएको पाँच करोड ८० लाख बराबर बजेट रहेका १० वटा योजनालाई रोक्ने प्रयास गरेका छन् । जसमा वडा नं. ७ मा २० लाख लागतको जीर धामी स्मृति भवन, २० लाख लागतको चुकबारी-गडबाली-तल्ला-कुला-बाँध तटबन्धन, वडा नं. ७ मा २० लाख लागतको जोखिन्द्र दुदेसिल्लो पार्क, २० लाख लागतको बझाङ्गपरे स्याउ फर्म घेरबार र वडा नं. ४ मा २० लाख लागतको सुर्जालेख मेहेल्ने खानेपानी आयोजना रहेका छन् ।

त्यस्तै, वडा नं. १ देखि ६ सम्ममा एक करोड लागतको पुलाहा-धौलागोह हुँदै खिन सडक स्तरोन्नति, वडा नं. ३ मा एक करोड लागतको रानीबिसौना-घोचायाबाडा हुँदै माछापातिहाल्ना सडक, वडा नं. ४ मा एक करोड लागतको मेहेल्ने धनै हुँदै तल्सेरी कृषि सडक, ५० लाख लागतमा सैन नयाँ शहर स्थापना डीपीआर अध्ययन र ५० लाख लागतको शिक्षा तथा स्वास्थ्य सुधारका लागि प्रविधि, पूर्वाधार निर्माण रहेका छन् ।

# दूधको अवैध ओसारपसारले किसान मर्कामा

**युग संवाददाता**
**नेपालगञ्ज, २४ फागुन ।**

बाँकेका खुला सीमा क्षेत्रबाट दूधको अवैध ओसारपसार हुँदा स्थानीय किसान मर्कामा परेका छन् । जिल्लाका विभिन्न सुइया, खडैचा, जमुनाहा, शिउपुरीलगायत नाकाबाट कम गुणस्तरीय दूध आयात भएर सस्तो मूल्यमा बिक्री वितरण हुँदा स्थानीय किसान मर्कामा परेका हुन् ।

दुग्ध उत्पादक सङ्घका केन्द्रीय सदस्य इन्द्रप्रसाद लुइँटेलले खुला सीमा क्षेत्रबाट दैनिक एक हजार लिटर दूध अवैधरूपमा आयात भएको जिकिर गर्दै तत्काल यसको अन्त्य गर्न माग गरे । "किसानले उत्पादन गरेको दूधबाट व्यापारीलाई भन्दा किसानलाई फाइदा हुनुपर्छ तर भारतबाट आएको अवैध दूधले यहाँको उत्पादनलाई विस्थापन गरेको छ", उनले भने ।

लुइँटेलले रू ३० देखि ५० सम्ममा भारतबाट भित्रिएको अवैध दूधको मूल्य रहेको जानकारी दिँदै भारतबाट आउने कम गुणस्तरीय दूध सेवनबाट स्वास्थ्यमा प्रतिकूल असर पर्ने बताए । उत्पादनका आधारमा राज्यले सुविधा दिएर किसानलाई प्रेरित गर्न आग्रह गर्दै उनले अवैध रूपमा भित्रिएको दूधबाट राज्यले कर पनि नपाएको र किसान पनि मर्कामा परेको गुनासो गरे । "कर्मचारीले नदेखेजस्तो गर्ने र प्रहरी पनि थाहा नपाएजस्तो गरेर अवैध दूधको आयात भइरहेको छ", लुइँटेलले भने ।

लुम्बिनी प्रदेशका कृषिमन्त्री दिनेश पन्थीले दूधको अवैध ओसार पसार प्रहरी र कर्मचारीबीच समन्वय र सहकार्यमा जोड दिँदै नागरिकका हैसियतले कर्तव्य र दायित्व पूरा गर्न सबैलाई आग्रह गरे । उनले अहिलेसम्म विभिन्न अभ्यास भएको तर त्यो पर्याप्त नभएकाले त्यसलाई नयाँ ढङ्गले छलफल गरेर न्यूनीकरण गर्न प्रयास गरिने बताए ।

दुग्ध व्यवसायी पूर्णप्रसाद अधिकारीले भने, "दूधको व्यवस्थापन गर्न राज्यले नसक्ने हो भने पशुपालन पनि बन्द गरौँ ।" बाख्रापालक व्यवसायी प्रेमराज सुवेदीले पशुपालनको महत्व राज्यले बुझ्न नसकेको आरोप लगाउँदै पशुपालनबाट माटोको संरक्षण भइरहेको बताए । "अखाद्य र रासायनिकतत्वले माटाको उर्वराशक्ति कमजोर भएको छ तर पशुपालनबाट त्ससको संरक्षण हुँदै आएको छ", उनले भने ।

# महिलालाई कमजोर ठान्ने दिन गए : मुख्यमन्त्री कँडेल

**युग संवाददाता**
**सुर्खेत, २४ फागुन ।**

कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री यामलाल कँडेलले महिलालाई कमजोर ठान्ने दिनको अन्त्य भएको बताएका छन् । शनिबार वीरेन्द्रनगर नगरपालिकाले ११५ औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा आयोजना गरेको कार्यक्रममा बोल्दै मुख्यमन्त्री कँडेलले महिलालाई अवसर नदिई क्षमता जाँच गर्ने दिनको अन्त्य भइसकेको बताए ।

नेपालमा विभिन्न समयमा भएका राजनीतिक आन्दोलनका कारण राज्यका हरेक निकायमा महिलाको उपस्थिती बढेको उल्लेख गर्दै मुख्यमन्त्री कँडेलले यो वा त्यो बहानामा महिलालाई पछाडि पारिन खोजे आफू रहेकै स्थानबाट प्रतिवादमा उत्रनुपर्ने बताए ।

संविधानले राज्यका हरेक क्षेत्रमा महिला सहभागिताको सुनिश्चितता गरेको बताउँदै आफूले पाएको अवसरलाई जिम्मेवारी पूर्वक पुरागर्नतर्फ ध्यान पुऱ्याउन आग्रह गरे । महिलाका हकहितको सुनिश्चित गर्न प्रदेश सरकार प्रतिवद्ध रहेको उल्लेख गर्दै उनले महिलाविनाको समृद्ध समाजको कल्पना गर्न नसकिने तर्क गरे ।

त्यस्तै, वीरेन्द्रनगर नगरपालिकाका प्रमुख मोहनमाया ढकालले महिला आन्दोलनले ठुलो परिवर्तन ल्याएको बताइन । विभिन्न समयमा भएका महिला तथा राजनीतिक आन्दोलनको जगमा महिला सहभागिताको सवाल उल्लेख्यरुपमा बढेको बताउँदै अझैपनि कतिपय अवस्थामा महिलालाई अवसरबाट बञ्चित हुनुपर्ने अवस्था रहेको ढकालले बताइन ।

संविधानले दिएको अधिकार प्रयोग गरी महिलाहरुले राज्यका हरेक निकायमा आफ्नो उपस्थिती बलियो बनाउँदै लगेको ढकालले बताइन । सहभागिताका सवालमा महिलाहरुले अधिकारसँगै आफूलाई क्षमतावान बनाउँन सके कसैले रोक्न नसक्ने ढकालको धारणा थियो ।

# कर्णालीका आठ महिला उद्यमीलाई जनही एक लाख पुरस्कार



**युग संवाददाता**
**सुर्खेत, २४ फागुन ।**

अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा कर्णाली प्रदेशका आठ महिला महिला उद्यमीले जनही एक लाख रुपैयाँ पुरस्कार प्राप्त गरेका छन् । महिला उद्यमीलाई कर्णाली प्रदेशको सामाजिक विकास मन्त्रालयले महिला उद्यमीलाई पुरुस्कार दिएको हो ।

'एक जिल्ला, एक महिला उद्यमी' पुरस्कृत गर्ने लक्ष्यअनुसार महिला उद्यमीहरूलाई प्रोत्साहन गर्ने उद्देश्यले निर्धारित मापदण्डअनुसार छनौंट गरी उनीहरूलाई यो रकम

बाँकी ३ पेजमा

## साइवर अपराधबाट बचौं ।

- सामाजिक सञ्जाल वा अन्य माध्यममा अश्लील श्रव्य, दृष्य वा श्रव्यदृष्य पोष्ट वा शेयर, लाईक नगरौं,
- सामाजिक सञ्जालमार्फत कसैको चरित्रहत्या नगरौं,
- सामाजिक सञ्जालमार्फत अमर्यादित कार्य नगरौं,
- सामाजिक सञ्जाल मार्फत गालीगलौज नगरौं,
- सामाजिक सञ्जालमा भ्रमपूर्ण सूचना तथा समाचार नराखौं,
- विद्युतीय माध्यममार्फत कुनै ठगी नगरौं ।
- यस्तो कार्य गर्ने गराउनेलाई कानूनी कारवाही हुन्छ । कानूनी कारबाहीबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## विज्ञापन दर/रेट सम्बन्धी सूचना

युगआह्वान राष्ट्रिय दैनिकमा आ.व. २०८१/०८२ मा प्रकाशन हुने विज्ञापनको दर/रेट २०८१ साउन १ तदनुसार 16 July 2024 देखि निम्नानुसार कायम गरिएको सम्पूर्ण विज्ञापनदाता/एजेन्सी एवम् सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

### विज्ञापन दर/रेट

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| प्रथम पृष्ठ | रु. २000/- | रु. १८00/- |
| भित्री पृष्ठ | रु. १५00/- | रु. १२00/- |
| अन्तिम पृष्ठ | रु. १७00/- | रु. १५00/- |

**वर्गीकृत**

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| वर्गीकृत डिस्प्ले | रु. ३५00/- | रु. १५00/- |
| वर्गीकृत डिस्प्ले (प्रति शब्द) | | रु. ७0/- |

ज्याकेट १ पेज रू. ८,00,000/-

नोट: उल्लेखित दर/रेट मू.अ.कर बाहेक

युगआह्वान
www.yugnews.com
निष्पक्षता, निर्भिकता, निरन्तरता...

फोन नं.: ९८५८०५२८१० /९८५८०५५६२७ /९८५८०५५६२८
इमेल: yugaawhandainik@gmail.com, yugaawhan@gmail.com

विश्वभरी एकै पटक इ-पेपरका लागि
www.yugnews.com
facebook https://www.facebook.com/yugnews
यहाँ स्क्यान गर्नुहोस् ।
Job Karnali — Jobkarnali.com
Tender Karnali — Tenderkarnali.com
ebazar — ebazar.com
GET IT ON Google Play
yugnews.com

## सम्पादकीय....

# गिजोलिएको संविधान संशोधन

संघीय संसदका दुई ठुला दल नेपाली कांग्रेस र नेकपा एमालेबीच गठवन्धन बनेकै दिनदेखि चर्चामा आएको विषय हो संविधान संशोधन । २०७२ मा जारी संविधानले दशकको यात्रा तय गर्न नपाउँदै एमाले र कांग्रेसले संशोधनको विषय जोडतोडका साथ उठाई रहेका छन् । विशेषगरी निर्वाचन प्रणालीका कारण देशमा राजनीतिक स्थायित्व कायम हुन नसकेको भन्दै दुई दलले संविधान संशोधनको विषयलाई प्रमुख एजेण्डा बनाएका छन् । कतिपय नमिलेका विषयहरु मिलाउन संविधान संशोधन गर्नुपर्ने दलहरुको ठहर छ । संघीय संसदमा संविधान संशोधनको विषय सतहमा आइरहेको सन्दर्भमा यो विषय प्रदेशसभामा पनि प्रवेश गरेको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले कर्णाली प्रदेशसभालाई विशेष सम्बोधन गर्दै संविधान संशोधन राष्ट्रिय हित भएको दावी गरेका छन् । एमालेका मात्रै होइन कांग्रेसका नेताहरुले पनि संशोधनको विषय चासोका साथ उठाइरहेका छन् । तर, संशोधनको खास मोडालिटी कस्तो रहने विषयमा दुवै दलले आधिकारिक दस्तावेज अझैसम्म पनि सार्वजनिक गर्न सकेका छैनन् । यसले साना तथा प्रतिपक्षमा रहेका दलहरु भस्किने वातावरण बनिरहेको छ । जसका कारण संविधान संशोधनको विषय गिजोलिएको छ ।

नेपालको संविधान २०७२ लागू भएको झन्डै एक दशक पुग्न लागेको छ । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मार्गदर्शक दस्तावेजका रूपमा यसले देशको राजनीतिक, सामाजिक, आर्थिक र कानुनी संरचनालाई परिभाषित गरेको छ । तर, संविधान कार्यान्वयनका क्रममा विभिन्न व्यवहारिक, कानुनी तथा राजनीतिक जटिलताहरू देखापरेका छन् । यी समस्याहरू समाधान गर्न संविधान संशोधन आवश्यक देखिन्छ । संविधान स्थिर हुनुपर्छ, तर अपरिवर्तनीय हुनुहुँदैन । समय, आवश्यकता र अनुभवका आधारमा संविधान परिमार्जन गर्नुपर्ने हुन्छ । नेपालमा अहिले नागरिकता, संघीयता, न्याय प्रणाली, सरकारको स्थायित्व तथा प्रविधिसँग सम्बन्धित विषयहरूमा सुधार आवश्यक देखिएको छ । विशेष गरी, नागरिकता सम्बन्धी कानूनि अस्पष्टताले हजारौं नेपालीलाई पहिचानविहीन बनाएको छ । संघीयता कार्यान्वयनमा देखिएको अव्यवस्था, प्रदेश सरकारहरूको अधिकार सीमाङ्कन तथा आर्थिक स्वायत्तता जस्ता विषयहरूमा पुनर्विचार गर्नुपर्ने देखिन्छ ।

राजनीतिक स्थायित्वको लागि सरकार गठन, विघटन तथा अविश्वास प्रस्तावका प्रक्रियाहरूलाई थप स्पष्ट र व्यवस्थित बनाउनु जरुरी छ । हाल देखिएको संसदीय अस्थिरता हटाउन संविधान संशोधनमार्फत कार्यकारी सुदृढीकरण आवश्यक देखिन्छ । यस्तै, न्याय प्रणाली सुधार गरेर कानुनी प्रक्रियालाई छिटो, पारदर्शी र प्रभावकारी बनाउनुपर्छ । संविधानको मूल उद्देश्य नागरिक अधिकार सुनिश्चित गर्नु हो । शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षाका सवालमा संविधानले अझ प्रभावकारी भूमिका खेल्नुपर्ने देखिन्छ । प्रविधि युगमा प्रवेश गर्दै गर्दा डिजिटल अधिकार, साइबर सुरक्षा तथा डेटा सुरक्षाका विषयलाई समेत संविधानमा समेट्नु अपरिहार्य भइसकेको छ । संविधानको संशोधन कुनै दल विशेषको स्वार्थपूर्ति वा तत्कालिन राजनीतिक समीकरण मिलाउने साधन होइन । यो दीर्घकालिन सोचका साथ, राष्ट्रिय हितलाई केन्द्रमा राखेर गरिनुपर्छ । संविधानले समयअनुसार परिमार्जनको माग गर्छ । तर, संशोधन गर्दा सर्वसम्मत राय, जनभावना र लोकतान्त्रिक प्रक्रिया पालना गर्नुपर्छ । अबको आवश्यकता संविधानको सुदृढ कार्यान्वयनसँगै व्यवहारिक र दूरदृष्टियुक्त संशोधन गर्नु हो । यसर्थ, संविधान संशोधनको विषयलाई सबै दलहरुले सत्ता र प्रतिपक्षका रुपमा नभई साझा सवाल बनाउन आवश्यक छ । संविधानमा रहेका कमि कमजोरीलाई सुधार गर्दै व्यवस्थाप्रति उठेका प्रश्नहरु समाधान गर्न दलहरुले ढिलाई गर्नु हुँदैन । यसो गरिए मात्रै गणतन्त्रको विकल्प खोज्नेहरुलाई परास्त गर्न सकिन्छ ।

# जन आक्रोश



✍ उमालाल आचार्य

राणा शासनको थिचोमिचो सहेका र व्यहोरेका मानिसहरू समाजमा निख्रदै गए । राणाको अत्याचार हामीले भोगेका होइनौं पुस्तकमा पढेका हौं । पञ्चायतकालको शासन पनि पछिल्लो चरणको मात्र अनुभूत छ । राजा वीरेन्द्रकी रानी ऐश्वर्यको दबदबा बढ्दा राजा निरह जस्तै भएका कारण दरबारमा बदनामको गन्ध चलेको हो भनिन्थ्यो । २०४६ साल पछिको पुनः प्रजातन्त्रले र २०६३ पछिको गणतन्त्रले राजा महेन्द्रलाई मुख्य दोषी करार गरे पनि जनता पूरापूर पत्याइदिन तयार छैन, किनभने व्यवस्था कु गरेका कारण निरंकुशको आँखाले मात्रै हेर्ने राजनीतिक पार्टीले महेन्द्रको देश विकास र राष्ट्र प्रेमलाई कहिल्यै कतै समर्थन गरेको पाइँदैन । खास २०४६ सालको परिवर्तन देशका लागि हुनुपर्ने थियो तर कोही अभिजात वर्गले खोसेर आफ्नो बपौती बनायो । महाकाली र टनकपुर काण्डमा जनता झुक्याएको मामिला मात्रै होइन मनोगत स्वार्थले निर्वाचित संसद विघटन गरेर मध्यावधिमा जाने कुसंस्कार लादेको पनि कसैले बिर्सन सक्दैन । धमिजा र लाउडा काण्डका फाइलहरु अख्तियारमा माकुराले जालो लगाए पनि, कोही मरेर गए पनि कलंक सित्ती मेटिने छैन । प्रजातन्त्र कालमा समेत जनताको असन्तुष्टि अरु थपिदै जादा देशले अर्को परिवर्तन माग्यो । साध्य लडाउँने धमास दिँदै क्रान्तिकारीको बिल्ला भिरेर नयाँ पार्टी आयो, तर भाषण आश्वासन र कार्यशैलीका कारण फोहोर माथी दुर्गन्ध थपियो । पञ्चायत र प्रजातन्त्रलाई उछिनेर गणतन्त्र जनतामा अत्यन्त बदनाम साबित भैरहेको छ । आज देश निरन्तर लुटिएको छ भ्रष्टाचारको दलदलमा फसिरहेको छ भन्ने कुरा अन्तर्राष्ट्रिय न्यायीक निकाय र सूचाङ्कहरुले प्रष्ट देखाइरहेका छन तर सत्ताले त्यो हुँदै होइन, म भ्रष्टाचार गर्दिन र गर्न पनि दिन्नको फलाको हाल्दै जनतालाई मूर्ख बनाइ रहेको छ । जनताको मनमा घृणा फैलिने र वितृष्णा भरिने ठूला साना थुप्रै घटनाहरु छन । सबैको व्याख्या सम्भावना छैन ती मध्ये केही घटनाको चर्चा गरौं ।

एकजना बहालवाला मन्त्रीले सेक्युरिटी प्रिन्टिङ प्रेस मेसिन खरिद प्रक्रियामा ७० करोड कमिसन मागेको अडियो रेकर्ड सामाजिक सन्जालमा आयो । रेकर्डमा मोलमोलाइ गरेको र कर्मचारीलाई अपशब्द बोल्दै तिनलाई सुइँको नदिन भनिएको पनि प्रष्ट सुनिन्छ । नैतिकताले भन्दा पनि पार्टीको दबाबका कारणले राजीनामा बाध्यकारी भयो । गोप्य अडियो रेकर्ड गर्ने

मोलमोलाइका अर्का व्यक्ति एउटा टेलिभिजनलाई अन्तर्वार्ता दिँदै भण्डाफोर गरिदिए तर वास्तविकतामा छानबिन गरिएन उल्टै ती व्यक्तिको खोजी गरियो । अडियो सात ठाउँमा जोडेर नक्कली रेकर्ड बनाइएको भनी आरोपित व्यक्तिले खण्डन मात्रै गरेनन् अर्का व्यक्तिलाई मुद्दा पनि हाले । अख्तियारको अनुसन्धानबाट जोगिने उपायले अदालतमा मुद्दा अल्झाएको भनी जनमानसमा टिकाटिप्पणी भैरहेको थियो । कार्यशैलीले प्रश्न उब्जाएपछि पार्टीले कारबाही गर्नुको सट्टा उल्टै पुरस्कार स्वरूप निर्वाचनमा टिकट दिइयो । आरोपको प्रभावबाट झिनो मतान्तरले चुनाव जितेर संसदमा छिरेपछि फेरि तिनै व्यक्तिले आदर्श छाँटेर नैतिकताको पाठ पढाउन थाले, मानौं उनी दूधले नुहाएका हुन । जनता रमिता हेर्न अभिसप्त थिए किनकि गणतन्त्रको कुशासन प्रभावकारी भैरहेको थियो ।

देशले १८ घण्टासम्म लोडसेडिङको मार खेपिरहेको थियो । एकजना सपूत उज्यालोका अभियन्ताले लोडसेडिङको जरो उखेल्दै लगे । विभागीय मन्त्रीको भागमा पनि त्यसको केही जस पर्न गयो । राम्रो कामको खुलेर प्रशंसा गरिनुपर्छ किनकि देशलाई विकास चाहिएको हो भाषण होइन । उर्जा विभागीय मन्त्री अर्को कार्यकालमा अर्थमन्त्री भए । कुनै एकव्यापारीको अमेरिकाबाट करिब १४ करोड ? रकम आएकोमा राष्ट्रबैंक बाट रोकिएको अवस्था थियो । अर्थमन्त्रीले निकास दिन पहल गरिरहँदा बैंकले छानबिन गर्ने अडान लिएको थियो । अर्थमन्त्री र गभर्नरको टसल बढ्दै जाँदा पत्र लेखेर गभर्नरलाई हटाइयो । गभर्नर अदालतबाट स्टे अर्डर लिएर आए । अब नैतिकताले राजिनामा दिने पालो अर्थमन्त्रीको थियो, राजीनामा नदिएपछि आलोचना मात्रै बढेन, सम्बन्धित मन्त्रालयका लागि मन्त्रीको ज्ञान सीप र योग्यताको बारे पनि निरन्तर प्रश्न पनि उठिरह्यो ।

मन्त्रीले एउटा टेलिभिजनलाई आवासमा बोलाई अन्तरबार्ता दिएका थिए । योग्यता सम्बन्धिको प्रश्नमा भित्ताको चित्रमा औंल्याउँदै योग्यता जान्दैन मैले यी गरिब जनतालाई पढेको छु, यिनकै पक्षमा काम गर्छु भन्ने ढंगको मन्त्रीको उत्तर थियो । गतिलो कुनै तर्क नपाएपछि मान्छेले भावना बेचेर पनि आफ्नो कुरा माथिपार्न खोज्नेरहेछ भन्ने आसय अन्तरबार्तामा बुझियो

भित्तामा टाँसिएका चित्रमा ग्रामीण भेकका विपन्न वर्ग जस्ता मानिसहरूको तस्बिर थियो । टेलिभिजन अन्तर्वार्तालाई नै ध्यानमा राखेर तस्बिर टाँसिएको पो होकि भन्ने भान हुन्थ्यो । होइन भने अर्थ मन्त्रालयका कैयन प्राविधिक पक्षलाई त्यसरी भावनाले पेल्न खोजेर साध्य लाग्ने कुरै हुँदैन । बजेट निर्माण गर्दा अर्थमन्त्रालयमा कोही बिचौलिया बोलाएर करको दरमा फेर बदल गरिएको भनी मन्त्रीलाई आरोप लाग्यो । बदनाम गर्न कथा जोडिएको हो, करको दरमा फेर बदल भएकै छैन भनी मन्त्रीले प्रतिवाद गरिरहे । अर्थमन्त्रालयको सिसिटिभी फुटेज खोजियो तर त्यही दिनकै फुटेज मात्रै भेटिएन । त्यो नभेटिनु भनेको कैफियत छर्लङ्ग हुनु हो । आरोपले उनको मन्त्री पद गयो । काले काले मिलेर खाउँ भाले भने भैं छानबिन गर्ने समितिले कर्मकाण्ड पुऱ्यायो फुटेज नभेटेपछि पनि ऊनी फेरि अर्थमन्त्रीमा नियुक्ति पाए । उपासकहरुले उत्सव मनाए । यो दुर्दशा पनि जनताले भोगेकै हो ।

गणतन्त्रको आवरणमा देशका नागरिकलाई पशु भैं बेचेर धन कमाउने धन्दा भित्रभित्रै निकै फस्टाएको रहेछ । नक्कली भुटानी शरणार्थी काण्डमा गणतन्त्रका पूर्व उपप्रधानमन्त्री खोरमा थुनिएका छन । सोही प्रकृतिका आरोपी पूर्वगृहमन्त्री पार्टीको प्रतापमा थुनामुक्त भै बाहिरबाटै मुद्दा लड्ने सौभाग्य पाएका छन । तिनका विरुद्ध पुनरावेदन नगर्नका लागि सत्ता ले महान्यायाधिवक्तालाई दबाब दिएको कुरा मिडियामा नै प्रसारण भएको थियो । पार्टी सभापतिकि धर्मपत्नीलाई पनि यो काण्डले बेच्यो । सिंगापुर, जापान र भारततिर भागाभाग बनायो । थुनामा रहेका कुनै व्यक्तिले उनलाई करोडौं रुपैयाँ दिइसकेको भनी अर्का व्यक्तिलाई गरेको फोन वार्ता मिडिया मा सार्वजनिक भयो । मेरो बदनाम गर्न झुटो अडियो बनाइ प्रसारण गरिएकोले छानबिन गरि दोषीलाई कारबाही गरिपाउँ भन्ने ढंगको उजुरी प्रहरी अनुसन्धानमा दिइयो । उच्च प्रविधि बाट छानबिन गर्न प्रहरीले सिंगापुर हङकङ ? पठाएको थियो । थुनामा भएका व्यक्तिकै स्वराङ्कन भएको र थुनामा रहनु भन्दा अगावैकै तिथि मितिमा रेकर्ड गरिएको व्यहोरा बुझिन आयो । प्रहरीले मिडियामा सूचना चुहाएको भनी अनुसन्धान गरिरहेका प्रहरी अधिकारीहरुलाई सरुवा गरियो छिन्नभिन्न पारियो । संविधानको भावना र मर्म विपरीत छिद्र खोजेर एकैचोटि समानुपातिक कोटाबाट संसद भवन छिरेर राजनीति गर्ने सपना पतिपरमेश्वरको दयादृष्टी र कृपाले पूरापूर बनायो।

नक्कली भुटानी शरणार्थी काण्डका सर्वाधिक संदिग्ध व्यक्ति बेचन झा पक्राउ परेपछि सत्ता समीकरण बदलियो । प्रमाण सबै कार्पेटमुनि हालेर मन्त्रीको राजकीय पदमा जाने सौभाग्य मिल्यो । काण्ड उहि अभियोजन उही अभागी अभियुक्त कोही खोरमा प्रभावशाली कोही खोर बाहिर शक्तिशाली सभापतिकी भाग्यशाली श्रीमती मन्त्रीमा नियुक्त । यसरी व्यक्तिपिच्छे फरक फरक हुँदोरहेछ कानुन भन्ने कुरा मात्र होइन,गणतन्त्रमा कथनी र करनी पनि निकै अन्तर रहेछ भनी चाल पाए जनताले ।

देश बर्बाद पार्ने यस्ता धेरै दृष्टान्तहरु छन गणतन्त्रसँग । देशमा सुशासन छ जनता सुखी छन भन्छ नेतृत्व, तर यहाँ अदालत फैसला गर्न हिच्किचाउँछ । महान्यायाधिवक्तालाई केहि मुद्दा नचलाउनका लागि निर्देश गर्छ, त्यस उपर पनि मुद्दा चल्छ तर अदालतले नै खारेज गरिदिन्छ । ललिता निवास जग्गा काण्ड होस या वाइडबडी जहाज खरिद काण्ड, नेतृत्वले अदालतलाई औंलो ठड्याएर आफ्ना उपल्लास्तरका नेता जोगाएको छ । टिप्पणी उठाउने कर्मचारी जाकिने र टिप्पणी सदर गरेर भाग हसुर्ने प्रधानमन्त्री र मन्त्रीहरु उम्कने परिपाटी नै त्यो आरोपको पुष्टि हो, त्यसैले गणतन्त्रमा अदालत पनि अदालत जस्तो छैन । सत्ताले धेरै राम्रा काम भएको भन्ने रटान लगाउँछ । जनतामा भ्रम छर्न पार्टीका कार्यकर्ता हावी भैरहेका छन । १८ वर्ष सम्म जनपक्षीय काम हुन सकेको छैन । बेपत्ता छानबिन आयोग र सत्यनिरूपण आयोग तलब खान बाहेक माखो मार्न सकेका छैनन् । ती आयोगलाई सत्ता बार्गेनिङको टुल्स मात्र बनाइए को छ । पार्टीको आफ्नो विचार सिद्धान्त निष्ठा र आदर्शलाई फोहरमा फालेर उत्तर दक्षिणतिर नाक फर्केका दुई छुट्टाछुट्टै पार्टीलाई खिचडी बनाएर जनलाई झुक्याइएको मात्र होइन चुनावमा कार्यकर्तालाई पनि बेइमानी काम गर्न बाध्य पारियो । गणतन्त्रको सत्ता उन्माद र चरम अकर्मण्यताका कारण निराश जनता आक्रोशित बन्दै गएका छ्न । यतिखेर देशमा राजा कि गणतन्त्र भन्ने बहस सघन रूपमा चलिरहेको छ । आक्रोशित जनताले राजाको साथ दिएर गणतन्त्र ढल्न पुग्यो भने त्यसको पूरापूर जिम्मेवार मैमत्त भएका पार्टी प्रमुखहरूको नै हुनेछ र बाँकी दिन पछुताइ रहनुपर्ने छ ।

## विश्व

### दक्षिण अफ्रिकामा एआई पूर्वाधार बनाउन ३० करोड डलर लगानी गर्दै माइक्रोसफ्ट

**जोहानेसबर्ग, २४ फागुन ।** माइक्रोसफ्टले सन् २०२७ को अन्त्यसम्ममा दक्षिण अफ्रिकामा आफ्नो क्लाउड र आर्टिफिसियल इन्टेलिजेन्स (एआई) पूर्वाधार विस्तार गर्न ५.४ बिलियन रेन्ड (करिब ३० करोड अमेरिकी डलर) लगानी गर्ने घोषणा गरेको छ ।

माइक्रोसफ्टका अध्यक्ष ब्राड स्मिथले जोहानेसबर्गमा आयोजित एक कार्यक्रममा यो घोषणा गरेका हुन् । उक्त कार्यक्रममा दक्षिण अफ्रिकाका राष्ट्रपति सिरिल रामाफोसा पनि उपस्थित थिए ।

स्मिथले दक्षिण अफ्रिकाको जोहानेसबर्ग र केप टाउनमा पहिलो इन्टरप्राइज-स्केल डाटा सेन्टर स्थापना गर्न विगत तीन वर्षमा कम्पनीले २० बिलियन रेन्ड लगानी गरेको बताए ।

कार्यक्रममा रामाफोसाले माइक्रोसफ्टको लगानीको स्वागत गर्दै यसले दक्षिण अफ्रिका र यसको अर्थतन्त्रमा निरन्तर विश्वास झल्काउने उल्लेख गरे । 'दक्षिण अफ्रिकी अर्थतन्त्रमा अपार सम्भावना छ र व्यापार गर्नको लागि एक अनुकूल ठाउँ हो, जहाँ उनीहरूको लगानी सुरक्षित छ,' उनले भने ।

### निजी अमेरिकी अन्तरिक्ष यान चन्द्रमामा अवतरण

**वासिङ्टन, २४ फागुन ।** अन्तरिक्षमा लामो यात्रापछि एक अमेरिकी कम्पनी साहसी चन्द्रमामा अवतरण गरेको छ । यसको अन्तरिक्ष यान सफल भएपछि यो उपलब्धि हासिल गर्ने दोस्रो निजी अवतरणकर्ता बनेको छ ।

फायरफ्लाई एरोस्पेसको ब्लु घोस्ट मिशन १ ले आइतबार बिहान ३:३४ बजे अमेरिकी पूर्वी समय (०८३४ जिएमटी) भन्दा अघि अवतरण गर्ने लक्ष्य राखेको छ । यसले मोन्स ल्याट्रेल नजिकको स्थान, चन्द्रमाको उत्तरपूर्वी नजिकको भागमा मारे क्रिसियममा रहेको एक ज्वालामुखी विशेषतालाई लक्ष्य गरेको छ ।

"ल्यान्डरले वास्तवमै राम्रोसँग व्यवहार गरेको छ", ब्लु घोस्टका कार्यक्रम प्रबन्धक रे एलेन्सवर्थले अस्टिन, टेक्सासमा मिसन कन्ट्रोलबाट प्रत्यक्ष वेबकास्टमा भन्नुभयो, "हामीसँग कुनै ठूला विसङ्गतिहरू छैनन्, जुन अद्भुत छ ।"

"हामी अमेरिकालाई पहिलो स्थानमा राख्दैछौं, हामी अमेरिकालाई गर्वित तुल्याउँदैछौं, हामी यो अमेरिकी नागरिकहरूका लागि गर्दैछौं", नासाकी कार्यवाहक निर्देशक जानेट पेट्रोले भन्नुभयो ।

'घोस्ट राइडर्स इन द स्काई' को उपनाम दिइएको यो मिशन पहिलो निजी चन्द्र अवतरणको एक वर्षभन्दा अलि बढी समयपछि आएको छ र यो आर्टेमिस कार्यक्रमलाई समर्थन गर्न र खर्च कम गर्न उद्योगसँगको नासा साझेदारीको हिस्सा हो । यो कार्यक्रमले अन्तरिक्ष यात्रीहरूलाई चन्द्रमामा फिर्ता गर्ने लक्ष्य राखेको छ ।

### पालिकामा...

धामीले कमिसनको खेलमा व्यक्ति केन्द्रीत बजेट पारित गराएको भन्दै उक्त बजेट रोक्का गर्नुपर्ने वडा अध्यक्षको माग छ । वडा अध्यक्ष बमले योजनाहरू व्यक्ति विशेषका आधारमा विनियोजन भएको आरोप लगाउँदै बजेट रोक्का गर्न मन्त्रालयसँग माग गरेको बताए । 'यी योजनाहरु व्यक्तिले हालेका हुन् । ति योजनाहरु जनताको हितमा नभई विनासमा बढी छन्,' उनले भने, 'त्यसैले मैले योजना रोक्का गर्न गत असोजमा पत्र लेखेको हुँ । तर, मन्त्रालयले कुनै प्रतिक्रिया दिएको छैन् ।'

डोल्पाका प्रतिनीधिसभाका सांसद धनबहादुर बुढा मन्त्री हुँदा उनका स्वकीय सचिव मनसिंह धामीले एकलौटी गरेको आरोप बमको छ । उनले मन्त्रालयबाट पलाँता गाउँपालिकामा पाँच करोड ८० लाखका १० वटा योजना पारेका थिए । मन्त्रालयको दबावका कारण योजना पारिएको दावीसहित वडा अध्यक्ष बमले मन्त्री परिवर्तन भएपछि ती योजना कार्यान्वयन नगर्न पत्र लेखेका हुन् । यता वडा अध्यक्षले राजनीतिक पूर्वाग्राहका कारण पत्र लेखेको बताउँदै आयोजनाहरु कार्यान्वयनमा गइसकेको पूर्व मन्त्री बुढाका स्वकीय सचिव धामीले बताए । 'साना आयोजनाहरु गाउँपालिकाले ठेक्कामार्फत गराउने भएको छ,' उनले भने, 'ठुला आयोजना ठेक्का प्रक्रियामा गइसकेका छन् ।'

### महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

### आजको राशिफल

**मेष** — सामूहिक कार्यमा सबैको साथ मिल्नेछ । रिसाएका मित्रहरूलाई मनाउनमा सफलता मिल्नेछ । अतिथीको आगमनले मन हर्षित हुनेछ ।

**वृष** — कार्यक्षेत्रमा लगनशीलताले अड्केका कार्यहरू प्रारम्भ हुनेछन् । रुचिको काम नमिल्नाले मन अप्रसन्न रहला । प्रेम सम्बन्ध सुमधुर रहनेछ ।

**मिथुन** — भावनामा आएर व्यापार व्यवसायमा कुनै निर्णय नलिनुहोला । कानुनी मामिलाहरूमा पक्ष मजबुत रहनेछ । पुरानो कुरालाई लिएर परिवारमा मनमुटाव हुन सक्ला ।

**कर्कट** — व्यापार व्यवसायमा हजुरले गरेको मेहनतको लाभ अरुले लिन सक्छन् । आत्मविश्वासको कमीले महत्त्वपूर्ण कार्यहरू सम्पादन हुनमा बाधा आउनेछ ।

**सिंह** — उद्योग व्यापारमा मनग्य लाभ मिल्नेछ । वैदेशिक रोजगारबाट लाभ मिल्नेछ । विद्यार्थीहरूको अध्ययन अध्यापनमा मन नलाग्ला ।

**कन्या** — नयाँ कार्य प्रारम्भ गर्दा जानकारको सल्लाह लिनुहोला । रोकिएको योजनामा पुनर्विचार गर्न सक्नुहुनेछ । यात्रा लाभदायी रहनेछ ।

**तुला** — साहित्य र कलाको क्षेत्रमा रुचि बढ्नेछ । व्यापार व्यवसायमा लाभ मिल्नेछ । प्रेम सम्बन्धमा प्रेमीको व्यवहारले शंका उब्जाउन सक्ला सोचविचार गरेर निर्णय लिनुहोला ।

**वृश्चिक** — कार्यक्षेत्रमा बौद्धिक क्षमताको प्रशंसा हुनेछ । सानो प्रयासले व्यक्तित्वमा निखार आउनेछ । अगाडि पाएको सफलताले कार्यक्षेत्रमा आत्मविश्वास बढ्नेछ ।

**धनु** — मेहनतको परिणाम प्राप्त गर्न श्रम धेरै गर्नुपर्ला । आध्यात्मिक ज्ञानमा वृद्धि हुनेछ । कार्यक्षेत्रमा मिठो बोल्ने प्रयास गर्नुहोला नभए समस्या निम्त्याउन सक्नुहुनेछ ।

**मकर** — इष्टमित्रहरूसँग रमाइलो समय बित्नेछ । स्वास्थ्यलाई लिएर सचेत रहनुहोस् । यात्रा सुखद रहनेछ । धर्मकर्ममा रुचि बढ्नेछ । आर्थिक पक्ष सामान्य रहनेछ ।

**कुम्भ** — साहसिक कार्य गर्ने समय रहेको छ । कार्यक्षेत्रमा अधिकारी वर्गहरूको कुरालाई बेवास्था नगर्नुहोस् । पेट सम्बन्धी समस्याले सताउन सक्छ त्यसैले खानपानमा ध्यान दिनुहोला ।

**मीन** — सन्तानको प्रगतिलाई देखेर मन प्रसन्न रहनेछ । आर्थिक वा सामाजिक क्षेत्रमा प्रभाव बढ्नेछ । विद्यार्थीहरूको पढाइमा मन लाग्नेछ ।

# लागु औषध समस्या रोकथाम जटिल बन्दै



◣युग संवाददाता
धनगढी, २४ फागुन ।

तपाइँ आफ्ना छोराछोरीले दैनिकगर्ने आनिबानी एवं गतिविधिका बारेमा सचेतता अपनाइरहनु भएको छ, छैन ? छोराछोरीले गर्ने व्यवहार एवं आनिबानीका बारेमा सचेतता अपनाउनु भएको छैन भने उनीहरूमध्ये धेरै कुलतमा फसिरहेका हुनसक्छन् । पढ्न जाने वा घर बाहिरको कामगर्न जाने बहानामा कुलतमा फसेका साथीभाईको सङ्गतमा लागेर धेरै युवा एवं वयस्क व्यक्ति लागुऔषधको कुलतमा फसिरहेका घटना बढ्दै गएका छन् । यीमध्ये कतिपय युवती पनि यस्तो कुलतमा फस्ने गरेको पाइएको छ ।

दिनैपिच्छे कैलालीसहितका जिल्लामा प्रहरी टोलीले लागुऔषधसहित विभिन्न व्यक्ति धमाधम पक्राउ पर्नथालेको पनि छ । लागुऔषधको सेवन र ओसारपसारमा फस्नेमध्ये अधिकांश युवा फेलापर्ने गरेको प्रहरीको तथ्याङ्क छ । यसको सेवन तथा ओसारपसारका घटना डरलाग्दो रूपमा फैलिँदै गएको देखिएपनि यो समस्याका बारेमा समाजमा खास चासो र चिन्ता व्यक्त गरिएको देखिदैन । यसका कारण लागुऔषधको समस्या न्यूनीकरण हुनुको साटो बढ्दै गएको घटनाक्रमले देखाएको छ ।

युवाहरू लागुऔषध दुर्व्यशनको सिकार भइरहँदा पनि सम्बन्धित अभिभावक भने बेखवरजस्तै देखिँदा यो समस्या रोकथाम जटिल बन्दै गएको प्रहरीको अनुभव छ । यो समस्याको समाधानका लागि प्रहरीले प्रयास गरिरहेपनि न्यूनीकरण हुन सकिरहेको छैन । कैलाली जिल्लामा एकैदिन १२ जनासम्म लागुऔषधसहित पक्राउ परेको तथ्याङ्क छ ।

पक्राउ पर्नेहरूबाट खैरो हिरोइन, नाइट्राभेट, नाइट्रजपाम, चरेश, स्पास्मो, ब्राउन सुगर, कोडेक्स, ट्रमाडोलजस्ता लागुऔषध बरामद हुने गरेको छ । जिल्ला प्रहरी कार्यालय कैलालीका प्रहरी निरीक्षक दर्शन खड्का अर्काको देखिसेकी, घरपरिवारको बिग्रेको माहोल, छोराछोरीप्रति अभिभावकले गर्नुपर्ने निगरानीमा कमीकमजोरी, सामाजिक सञ्जालको दुरूपयोग, गलत साथीसङ्गत, लागुऔषध सेवनको उत्सुक्ता जग्नुजस्ता कारणले धेरै युवाहरू कुलतमा फस्दै गएको बताए ।

उनले भने, "भारतसँगको खुला सीमाका कारण पनि लागुऔषधको ओसारपसार र सेवनको समस्या बढ्दै गएको छ, समाजमा हुने चोरी, डकैति, लुटपाटजस्ता अपराधिक घटनामा कुनै न कुनैरूपमा लागुऔषधमा फसेकाको हात हुने गरेको देखिन्छ ।" समाजमा बेलाबखत हुने गरेका अपराधिक घटनामा लागुऔषध सेवनकर्ताको कुनै न कुनै रूपले संलग्नता देखिँदा सुरक्षा चुनौती पनि थपिएको प्रहरीको भनाइ छ ।

जिल्ला प्रहरी कार्यालयको थुनुवा कक्षमा थुनुवामा पर्नेमध्ये ७० प्रतिशत लागुऔषधको मुद्दाका हुने गरेको जनाइएको छ । लागुऔषधको कारोवारी र सेवनकर्तालाई पक्राउ गर्न प्रहरीले बेलबखत 'कर्डन एण्ड स्विप अप्रेशन' (घेर्ने र बढार्ने) अभियान चलाउने गरेको पनि छ ।

प्रहरीले लागुऔषधको सेवन, ओसार पसार रोकथामका लागि यो भित्रिन सक्ने सम्भावित ठाउँको निगरानी गरेर यसको जालो तोड्ने प्रयासमा गरिरहेको छ । "बढी सङ्ख्यामा २० देखि ३० वर्ष उमेर समूहका युवा यस्तो कुलतमा फस्ने गरेको पाइएको छ" जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक खड्काले थपे "अभिभावकले आ-आफ्ना छोराछोरीको आनिवानीका बारेमा सचेतता आपनाउन निकै जरूरी भइसक्यो ।"

नेपाल-भारतबीचको खुला सीमानाको फाइदा उठाउँदै यसको ओसारपसार गर्न सहज भइरहेको बताइन्छ । सीमापारी भारतीय बजारमा त्यहाँका व्यापारीले निर्वाध रूपमा लागुऔषध बेचबिखन गर्ने गरेको कारण यसको उपलब्धता सहज भइरहेको बताइन्छ ।

जिल्ला प्रहरी कार्यालयको तथ्याङ्कले लागुऔषधका मुद्दा दर्ता हुने सङ्ख्या बढ्दै गएको देखाएको छ । आर्थिक वर्ष२०७८/७९मा लागुऔषधका दुईसय एक मुद्दा दर्ता भएकोमा आव २०७९/८०सम्म आइपुग्दा यो सङ्ख्या बढेर तीनसय ४७ पुगेका थिए । यस्तै आव२०८०/८१मा तीनसय १५ मुद्दा दर्ता भएकोमा चालु वर्ष२०८१/८२को माघसम्म दुई सय ६९ मुद्दा पुगेका छन् । चालु वर्षको माघसम्म दर्ता भएका लागुऔषधका मुद्दामा तीनसय ६५ पुरूष र२२ महिला पक्राउ परेको जनाइएको छ । गत आर्थिक वर्ष २०८/०८१ मा चारसय ४७ जना पक्राउ परेका थिए ।

लागुऔषधको ओसारपसार र सेवनर्त्ता बढ्न थालेपछि यसको रोकथाम एवं न्यूनीकरणका लागि बेलाबखत प्रहरीले विद्यालयमा अध्ययरत छात्र छात्राका लागि छुट्टै कक्षा सञ्चालन गरेर चेतना अभिवृद्धि गराउने गरेको छ । लागुऔषधको सेवनबाट अधिकांस किशोर किशोरी प्रभावित हुन थालेपछि उनीहरूलाई लक्षित गरी चेतनामूलक कार्यक्रम थालिएको प्रहरीको भनाई छ । यसका लागि प्रहरीले विद्यालय सञ्चालकसँगको समन्वयमा विद्यार्थीको छुट्टै कक्षामार्फत् यस्तो चेतना अभिवृद्धिसम्बन्धी प्रशिक्षण दिने गरेको छ ।

## महिलाको भूमिका महत्वपूर्ण छ : मन्त्री बुढा

◣युग संवाददाता
सुर्खेत, २४ फागुन ।

सामाजिक, आर्थिक र राजनीतिक विकासमा महिलाको भूमिका महत्वपूर्ण हुने कर्णाली प्रदेश सरकारका जलस्रोत तथा ऊर्जा विकासमन्त्री बिजया बुढाले बताएकी छन् । ११५ औं अन्तर र्राष्ट्रिय महिला दिवसको अवसरमा सुर्खेतको बराहताल गाउँपालिकाले आयोजना गरेको कार्यक्रममा मन्त्री बुढाले यो दिवस महिलाको सम्मान र अधिकारको पर्व भएको बताइन ।

'यो दिवस हामीलाई सामाजिक, आर्थिक र राजनीतिक क्षेत्रमा महिलाको स्थान र योगदानको महत्वबारे सोच्न र परिकल्पना गर्न प्रेरित गर्ने एउटा अवसर पनि हो,' उनले भनिन्, 'प्रदेश सरकारले महिलामैत्री कानुन बनाउँदै उद्यमशीलता, सेवाप्रवाह र विकास निर्माणका काममा पनि जोडिरहेको छ ।' महिला सशक्तिकरण, समानता र दिगो विकासले राष्ट्रलाई समृद्धिको बाटोमा डोऱ्याउने उनको भनाइ छ ।

मन्त्री बुढाले समाज र अर्थतन्त्रमा महिलाहरूको भूमिका अतुलनीय रहेको बताइन । महिला उद्यमशीलता विकासका लागि उपयुक्त वातावरण सिर्जना गर्न, महिलाहरूको व्यवसायिक सीप र ज्ञान वृद्धि गर्न तथा वित्तीय स्रोतमा पहुँच पुऱ्याउन पनि प्रदेश सरकार प्रयत्नशील रहेको उनको भनाइ छ । कार्यक्रमका अन्य वक्ताहरुले समानता र महिला हकअधिकारका विषयमा जोड दिइन ।

गाउँपालिका उपाध्यक्ष लक्ष्मी पुनमगरको अध्यक्षतामा भएको कार्यक्रममा गाउँपालिका अध्यक्ष भीमबहादुर भण्डारीलगायत जनप्रतिनिधि, समाजसेवी, विभिन्न राजनीतिक दलका प्रतिनिधिलगायतको उपस्थिति थियो । दिवसका अवसरमा गाउँपालिकाले विभिन्न प्रतियोगितासमेत सञ्चालन गरेको थियो ।

## तेस्रो मुख्यमन्त्री कोहलपुर गोल्डकप फुटबल प्रतियोगिता उपाधि राईजिङ स्टार फुटबल क्लब नवलपरासीलाई

◣युग संवाददाता
बाँके, २४ फागुन ।

बाँकेको कोहलपुरमा सञ्चालित तेस्रो मुख्यमन्त्री कोहलपुर गोल्डकप फुटबल प्रतियोगिताको उपाधि राईजिङ स्टार फुटबल क्लब नवलपरासीले जितेको छ । आज भएको फाइनल खेलमा नवलपरासीले कोहलपुर रेसिङ साहारा क्लब कोहलपुरलाई २-० गोल अन्तरले पराजित गर्दै उपाधि जितेको हो । कोहलपुर-२ स्थित तेह्र विगाह खेल मैदानमा सम्पन्न फाइनल खेलमा पहिलो हाफ बिना गोल सकिएको थियो । दोस्रो हाफमा खेलको ४५ औं मिनेटमा राईजिङ स्टार फुटबल क्लबनवलपरासीका कप्तान विनोद केवटले गोल गरेर टोलीलाई अग्रता दिलाएका थिए ।

उनले पहिलो गोल गरेको दुई मिनेटमै खेलको ४७ औ मिनेटमा व्यक्तिगत दोस्रो गोल गर्नुभयो। केवटकै उत्कृष्ट खेल प्रदर्शनमा नवलपरासी उपाधि जित्न सफल भयो । विजेता राईजिङ स्टार फुटबल क्लबनवलपरासीका कप्तान विनोद केवट नै खेलको म्यान अफ द म्याच घोषित भए ।

कोहलपुर गोल्डकपमा पहिलोपटक फाइनल प्रवेश गरेको कोहलपुर रेसिङ साहारा क्लब कोहलपुर भने घरेलु मैदानमा स्तब्ध बन्यो । तेस्रो मुख्यमन्त्री कोहलपुर गोल्डकप फुटबल प्रतियोगिताको उपाधि जितेको नवलपरासीले ट्रफीसहित नगद् आठ लाख रूपैयाँ प्राप्त गरेको छ । विजेता नवलपरासीलाई कोहलपुर नगरपालिकाका प्रमुख पूर्ण प्रसाद आचार्यले पुरस्कार प्रदान गरेका थिए । उपविजेता बनेको कोहलपुर रेसिङ साहारा क्लबले भने चार लाख रूपैयाँ प्राप्त गरेको छ ।

प्लेअर अफ द टुर्नामेन्ट (सर्वोउत्कृष्ट खेलाडी ) को अवार्ड कोहलपुर रेसिङ साहारा क्लबमा विनोद केसीले जिते । उनले ट्रफिसहित ५१ हजार प्राप्त गरे । राईजिङ स्टार फुटबल क्लब नवलपरासीका चेतन थारू वेष्ट डिफेन्डर हुँदै ट्रफीसहित दश हजार रूपैयाँ प्राप्त गरे । त्यसैगरी, राईजिङ स्टार फुटबल क्लब नवलपरासीकाका प्रतिक सुनारले नगद् हजारसहित उत्कृष्ट गोलकिपरको उपाधि जितेका थिए । राईजिङ स्टार फुटबल क्लब नवलपरासीकै सन्दिप केसीले उत्कृष्ट प्रशिक्षक उपाधि जितेका हुन ।

## 'स्रोत र साधनले भ्याएसम्म भूकम्पपीडितलाई सहयोग जारी छ'

◣युग संवाददाता
अछाम, २४ फागुन ।

गृहमन्त्री रमेश लेखकले भूकम्पपछिका पुनर्निर्माण र पुनःस्थापनालाई सरकारले प्राथमिकतामा राखेर तदनुरुप काम गरिरहेको बताएका छन् । अछाम जिल्ला समन्वय समितिको कार्यालयमा स्थापना भएको जिल्ला भूकम्पीय पुनर्निर्माण तथा पुनःस्थापना आयोजना कार्यान्वयन एकाइ कार्यालयको शनिबार उद्घाटन गर्दै उनले स्रोत र साधनले भ्याएसम्म सरकारले भूकम्पपीडितलाई सहयोग गरिरहेको बताए ।

गत वर्षको कात्तिकमा भएको भूकम्पबाट प्रभावित भएकालाई सहज ढङ्गले सेवा प्रवाह गर्ने उद्देश्यले स्थापना भएको उक्त एकाइले अछाम, बाजुरा र डोटीका नागरिकलाई सघाउने छ । नवस्थापित एकाइमार्फत पीडितलाई आवास निर्माण तथा मर्मतससम्भारका काम गर्न सहज हुने विश्वास व्यक्त गर्दै लाभग्राहीलाई द्रुत सेवा प्रवाह गर्न उनले प्रमुख जिल्ला अधिकारीलगायत सम्बद्ध कर्मचारीलाई निर्देशन पनि दिए ।

भूकम्पबाट क्षति भएका अछामको बान्नीगढी जयगढ गाउँपालिका वडा नम्बर ३ र ४ का ४ जना लाभग्राहीलाई आवास पुनर्निर्माणअन्तर्गत पहिलो किस्ता बापत प्रतिघर रु ५० हजार प्रदान गरिएको छ । एकाइ स्थापनासँगै लाभग्राहीलाई उक्त रकमको चेक हस्तान्तरण गरिएको थियो ।

त्यस अवसरमा प्रतिनिधिसभा सदस्य पुष्पबहादुर शाह, राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख भीष्मकुमार भुसाल, प्रदेशसभा सदस्य मानबहादुर रावल, तीन वटै जिल्लाका प्रमुख जिल्ला अधिकारी उपस्थित थिए ।

जाजरकोट भूकम्पमा परी एक सय ५७ जनाले ज्यान गुमाएका थिएभने तीन सय ७५ जना घाइते भएका थिए । विसं २०७९ कात्तिकमा २३ गते बिहान डोटीको पूर्वीचौकी गाउँपालिका ३ को गैरगाउँ केन्द्रबिन्दु भएर ६ दशमलव ६ म्याग्नेच्युडको भूकम्प भएको थियो ।

## कर्णालीका...

प्रदान गरेको छ । कर्णालीका १० जिल्लामध्ये जाजरकोट र रुकुमपश्चिम बाहेक अन्य आठ जिल्लाका उद्यमीले पुरस्कार पाएका छन् ।

पुरस्कृत हुनेहरूमा डोल्पाको जगदुल्ला गाउँपालिका-३ का करुणा घरेलु तथा अल्लो उद्योगका सञ्चालक ललिता थापा, हुम्लाको सिमकोट गाउँपालिका-५ का लक्ष्मी सिलाई कटाई उद्योगका सञ्चालक लछु भण्डारी, जुम्लाको तातोपानी गाउँपालिका-५ का सृष्टि एण्ड संसार फलफूल उत्पादन तथा प्रशोधन उद्योगका सञ्चालक नारायणी चौलागाईंलाई पुरस्कारसहित सम्मान गरिएको सामाजिक विकास मन्त्रालयको सामाजिक विकास महाशाखाका अधिकृत विना थापाले बताइन् ।

त्यस्तै, सल्यानको वनगाड कुपिण्डे नगरपालिका-१० का दिदीबहिनी बाख्रा फार्मका सञ्चालक गीता कुमारी पुनमगर, कालिकोटको रास्कोट नगरपालिका-५ का शाही पोल्ट्री फार्मका सञ्चालक सीता शाही, दैलेखको नारायण नगरपालिका-६ का विन्दु सिलाई कटाई उद्यमका सञ्चालक विन्दु कुमारी उपाध्याय, मुगुको छायाँनाथ रारा नगरपालिका-२ का सविना टेलर्सका सञ्चालक सविना रोकाया र सुर्खेत वीरेन्द्रनगर नगरपालिका-६ का देउती होजियारी उद्योग एण्ड ट्रेडिङ सेन्टर प्रा.लि. का सञ्चालक सुजाता पाण्डे रहेका छन् । उनीहरूलाई महिला दिवसको अवसरमा उत्कृष्ट उद्यमीको रूपमा जनही एक लाख रुपैयाँ प्रदान गरिएको सामाजिक विकास मन्त्रालयको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

## हिंसा पिडित महिलाहरुले खोले 'दिमा आमा घर'



◣गोल्डेन बुढा
जुम्ला, २४ फागुन ।

जुम्लामा हिंसा पिडित महिलाहरुको शसक्तिकरण, आपत्कालिन आश्रय, न्याय पैरविका लागि 'दिमा आमा घर' को स्थापना गरिएको छ । बढिरहेको हिंसाका घटना न्यूनिकरण गर्न तथा न्यायीक निकायमा पुर्याउने भन्दै सात जना घरेलु हिंसा पिडित महिलाहरुले कार्यालय स्थापना गरेका हुन् ।

जुम्ला सदरमुकामको चन्दननाथ नगरपालिका-६ मा आमा आमा घर स्थापना गरिएको हो । ११५ औँ अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा संस्थाका अध्यक्ष दिलमाया शाहीले जुम्लामा दिमा आमा घरको आवश्यकताका बिषयमा बताइन् । उनले भनिन्, 'जुम्लामा पत्रकारिता क्षेत्रबाट गरेको सेवावाट आफुँ सँग जोडिएका सात जना महिला मिलेर हिंसा पिडितकाको न्याय, आत्मनिर्भरता, पैरवि तथा शशक्तिकरणका लागि दिमाआमा घर स्थापना गरिएको हो ।'

उनले पत्रकारिता गर्दाका विभिन्न समयमा हिसां पिडित घटनाले हिंसा पिडित महिलाहरु सदरमुकाममा बसेर कानूनी निकाय जान सक्ने कठिन भएकाले गुणस्तर बसाईका साथ प्रहरी र न्यायलयमा आउँदासम्म बस्ने स्थानका लागि दिमा आमा घरको आश्रय पहिलो हुने बताइन् । अध्यक्ष शाहीले अहिले पिडित बन्धक गरेर पिडक वाहिर घुम्ने नभई न्याय पाउने उद्देश्य छ ।

उनका अनुसार घरबाट कुटपिट भएर निकालिए देखी हिंसा वोकेका हामीहरुले न्याय माग्न सदरमुकाम आउदा बास नपाएका महिलाहरुका लागि अव सुरक्षित वास हुनेछ । बलतकृत छोरीहरुलाई आश्रय सहित न्यायको पैरवि गर्ने, स्वास्थ्य उपचारमा सघाउने छ । क्रियाशिल पत्रकार दिलमाया शाही अध्यक्ष भएको आमा घरको एक शनिबार भब्य कार्यक्रमका विचमा उद्घाटन गरिएको छ ।

जिल्ला समन्वय समितिका प्रमुख गौरीनन्द आचार्य, गाउँपालिका राष्ट्रिय महासंघका केन्द्रीय सदस्य तथा सिँजा गाउँपालिका अध्यक्ष पूर्णप्रसाद धिताल, प्रमुख जिल्ला अधिकारी रामबहादुर शाही, तातोपानी गाउँपालिका उपाध्यक्ष रेवति रावल संस्थाका अध्यक्ष दिलमाया शाहीले संयुक्त उद्घाटन गरेका थिए । यता जिल्ला समन्वय समितिका प्रमुख आचार्यले यो आमा घर कर्णाली प्रदेशकै नमूना घर हुने बताए । यस कार्यमा एक्लै नभई सबैको सहकार्य आवश्यक जरुरी छ ।

सिँजा गाउँपालिका जुम्लाका अध्यक्ष पूर्ण प्रसाद धितालले कवीता भन्नु अगाडि कवि कस्तो हो भनेर थाहा हुन्छ भन्दै दिमा आमा घरका अध्यक्ष दिलमाया शाहीको सत्य तथ्य पत्रकारिताको कामले दिमा आमा घरको भविश्य राम्रो भएकोमा बताए । सहयोगमा कुनै कसुर नहुने बताए ।

प्रमुख जिल्ला अधिकारी रामबहादुर शाहीले हिंसाबाट महिला र वालवालिका आउने महिला तथा वालवालिकाहरु कहाँ राख्ने भन्ने बिषयमा आवश्यकता भईरहेको समयमा यो सुरक्षित आमा घरको भूमिका महत्वपूर्ण रहेको बताए । उनले भने 'सुरक्षित घरबाट अल्पकालिन आश्रयबाट पहिला आश्रय दिने, कानूनी उपचार गर्ने, स्वास्थ्य उपचार पछि पुनस्थापना गर्ने आशा पलाएको छ ।'

यता तातोपानी गाउँपालिका जुम्लाका उपाध्यक्ष रेवति रावल समाजमा शोषित पिडितका र हिंसा पिडित महिलाका लागि गरिएको यो काम निकै राम्रो भएको बताउँछिन् । यस्तो सामाजिक कामका लागि आवश्यक सहयोग हुनेछ । बरिष्ठ अधिवक्ता देवेन्द्रप्रसाद शर्माले सत्य तथ्य कुरा र सामाजिक कुरामा जोड दिँदै आएका पत्रकार दिलमाया शाहीसहितको आमा घरको टिमलाई हृदय देखी धन्यवाद दिए ।

शर्माले हिंसा पिडित महिलालाई कानूनी निकायमा लिन यो संस्थाले थप काम गर्नेमा जोड दिए । एकिकृत अखिल नेपाल शिक्षक संगठन जुम्लाका अध्यक्ष जय शंकर धिताल र बुद्धिजीवी गोविन्द्र बहादुर शाहीले समाजमा भएका वेतिथिका विरुद्ध तिखो कलम चलाउने दिलमाया सहितको टिमले गरेको काममा सवैले सहयोग गर्नुपर्ने प्रतिवद्धता जनाए । आमाघरमा व्यवस्थित आराम कक्ष ३ वटा, भान्साघर र कार्यालय समेत शुरु गरिएको छ ।

## विकासमा....

पलाँता गाउँपालिका-७ का मनसिंह धामी उनको जनसम्पर्क सल्लाहकार थिए । उनको र गाउँपालिका अध्यक्ष विष्णुबहादुर रोकायको पहलमा पलाँता गाउँपालिकाका विभिन्न आयोजनाहरुमा बजेट बिनियोजन भएको हो । तर, अहिलेको सरकारमा कांग्रेस नेता प्रकाशमान सिंह शहरी विकास मन्त्री छन् ।

आफ्नै पार्टीको नेता मन्त्री भएकाले कांग्रेस वडा अध्यक्षले बजेट रोक्न भन्दै मन्त्रालयमा पत्राचार गरेको हुनसक्ने पालिका अध्यक्ष रोकायको आशंका छ । त्यस्तै, गाउँपालिकाको केन्द्र वडा नं. ९ को थिर्पु रहेकोमा अहिले सैन भन्ने ठाउँमा सारिएको विषयमा असहमति राख्दै आएका कारणले पनि वडा अध्यक्षले पत्र लेखेको गाउँपालिकाको आंशका छ ।

गाउँपालिकाको प्रशासकीय केन्द्र कहाँ बनाउने भन्ने बिषयमा थिर्पु र अन्य गाउँका बासिन्दाका बीच विवाद रहेको छ । अहिले गाउँपालिकाको केन्द्र सैनमा नै छ । पहिलो कार्यकालका जनप्रतिनीधिहरुले थिर्पुबाट प्रकाशकीय केन्द्र चलाउँदै आएकोमा रोकाय अध्यक्ष भएपछि बहुमत जनप्रतिनीधिले सैनमा कार्यालय सारेका थिए ।

स्थानीय विकास योजनाहरुलाई लिएर दलहरूबीच आरोप-प्रत्यारोप हुनु नौलो होइन । तर, विकास बजेट रोक्न पत्राचार गर्ने वडाध्यक्षको नियत ठिक नभएको स्थानीयको बुझाई छ । 'यदि बजेटमा कमिशनको खेल भएको हो भने प्रमाणसहित सार्बजनिक गरेर पत्राचार गर्नु उपयुक्त हुन्छ तर प्रमाण केही देखिन्न, एउटा जनप्रतिनिधिले राजनीतिक प्रतिशोधकै कारण विकास रोक्न खोज्नु गम्भीर समस्या हो,' मन्त्रीका पूर्व जनसम्पर्क सल्लाहकार सिंहले भने, 'यो यहाँका जनतामाथीको कुठाराघात हो । म त मानहानीको मुद्दा हाल्न लागेको थिए । पछि किन गरौं भनेर रोकिए । चेतनास्तरको कुरा पनि हुन्छ नि ।'

शहरी विकास मन्त्रालयले अहिलेसम्म बजेट रोकिएको जानकारी गाउँपालिकालाई नगरेको अध्यक्ष रोकायले बताए । 'वडा अध्यक्षले लगाएको आरोपको कुनै अर्थ र प्रमाण छैन । यदि मन्त्रालयले वडा अध्यक्षको पत्रलाई गम्भीर रुपमा लिएर बजेट रोक्यो भने, पलाँता गाउँपालिकाको विकास प्रभावित हुनेछ,' उनले भने, 'अहिलेसम्म त्यस्तो पत्र आएको छैन् । बजेट कार्यान्वयनमा गइसकेको छ ।'


## गोदावरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

अत्तरिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

### दररेट पेश गर्ने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/११/२०

१. गोदावरी नगरपालिका पशु सेवा शाखाका लागि आवश्यक पशुपन्छी तथा मत्स्य उपचार सेवा सम्बन्धि औषधिहरु खरिद तथा ढुवानी गर्न यो सूचना प्रकाशित गरिएको छ। आपूर्ति गर्न ईच्छुक औषधि उत्पादक कम्पनी/बिक्री वितरक फर्महरुबाट औषधि आपूर्ति गर्न यो सूचनामा उल्लेख भएका शर्तहरुको अधिनमा रही रितपूर्वक दररेट पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिलः

| क्र.सं. | विवरण | अनुमानित लागत मूल्य | दररेट पेश गर्ने अन्तिम मिति र समय | कै. |
|---|---|---|---|---|
| १ | पशुपन्छी तथा मत्स्य उपचार सेवा औषधि खरिद | ७४९९७६.६७ | २०८१/११/२६ गते कार्यालय समय भित्र | |

२. दररेट पेश गर्ने फर्मले अनिवार्य रुपमा दररेट पेश गर्ने व्यहोरा सम्बन्धको लिखित निवेदन सहित आ.व. २०८१/०८२ का लागि नविकरण भएको दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर प्रमाणपत्र, आ.व. २०८०/८१ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न गरी पेश गर्नुपर्ने छ ।
३. उक्त कार्यको लागि आवश्यक BOQ खरिद वाफतको रु.१,०००/- (अक्षरुपी एक हजार पछि फिर्ता नहुने गरी) राजस्व तिरी प्राप्त गरेको नगदी रसिद अनिवार्य दररेट साथ पेश गर्नुपर्ने छ ।
४. BOQ, Specification यस कार्यालयको websiteM www.godawarimunkailali.gov.np बाट समेत डाउनलोड गर्न सकिने छ ।
५. BOQ मा आफुले कबोल गरेको रकमको अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ । केरमेट भएको दररेट मुल्यांकनमा समावेस गरिने छैन ।
६. खरिद गरिने औषधिहरु तोकिएको स्पेसिफिकेशन अनुसार गुणस्तर युक्त हुनुपर्ने छ ।
७. दररेट दाताले धरौटी रकम रु.२२,५००/- (बाइस हजार पाँचसय) गोदावरी नगरपालिकाको कार्यालय कैलालीको NIC ASIA अत्तरिया शाखामा रहेको कार्यालयको धरौटी खाता नं. ७१४१४९८६२२५२४००१ मा जम्मा गरेको सक्कल भौचर वा नेपाल सरकारलाई मान्य हुने "क" श्रेणीको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको दररेट पेश गर्ने अन्तिम मितिले कम्तीमा ७५ (पचहत्तर) दिन म्याद भएको दरोटसाथ जमानत पेश गर्नु पर्ने छ ।
८. दररेट पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसको लगत्तै कार्यालय खोलिने दिनको सोही समयमा दररेट पेश गर्न सकिने छ । दररेट सोही दिनको ५: ०५ बजे उपस्थित भएका दररेटदाता वा प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ। दररेटदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दररेटपत्र खोल्न बाधा पुग्ने छैन ।
९. सूचनामा उल्लेख हुन नसकेका कुराहरु प्रचलित ऐन/नियम अनुसार हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

# “महिला अधिकारको व्यवहारिक कार्यान्वयन आवश्यक”

**सरला सुवेदी**
**बाँके, २४ फागुन ।**

कोहलपुर नगरपालिकाले ११५ औं अन्तर्राष्ट्रिय महिला दिवस भव्य रूपमा विभिन्न कार्यक्रमको आयोजना गरी मनाएको छ। ‘सबै महिला तथा बालिकाका लागिः अधिकार, समानता र सशक्तीकरण’ भन्ने नाराका साथ महिला बालबालिका तथा समावेशीकरण शाखाको संयोजनमा महिला भलिबल प्रतियोगिता, विल्चियर प्रतियोगिता, प्रभातफेरी, सभा लगायतका कार्यक्रम सम्पन्न भएका छन् ।

मार्च ८ का दिन संसारभर महिला अधिकार, समानता र सशक्तीकरणको पक्षमा आवाज उठाइन्छ। यस अवसरमा कोहलपुर खुल्ला मैदानमा आयोजित सभालाई सम्बोधन गर्दै लुम्बिनी प्रदेशसभा सदस्य सन्जु कुमारी चौधरीले महिला दिवसको ऐतिहाँसिक पृष्ठभूमि बारे जानकारी दिँदै नेपालमा महिला अधिकारको दायरा फराकिलो भए तापनि व्यवहारिक कार्यान्वयन अझै चुनौतीपूर्ण रहेको बताइन् ।

उनका अनुसार, संविधानले महिला अधिकारलाई सुनिश्चित गरे पनि समान कामको समान ज्याला अझै लागू नभएकाले निरन्तर संघर्ष आवश्यक छ। नगर प्रमुख पूर्ण प्रसाद आचार्यले महिलाहरूको चेतना स्तर उच्च भए तापनि समाजमा व्याप्त विभेद अन्त्य गर्न अझै धेरै काम गर्नुपर्ने धारणा व्यक्त गरे। पछाडि पारिएका महिलाहरूको मुद्दालाई सम्बोधन गर्दै उहाँले अधिकारसहित कर्तव्यको पालनामा पनि ध्यान दिनुपर्ने बताए।

नगर उपप्रमुख संगिता सुवेदीले महिलाको राजनीतिक, सामाजिक, आर्थिक तथा शैक्षिक क्षेत्रमा उल्लेखनीय सहभागिता बढ्दै गएको उल्लेख गर्दै महिलाविरुद्धको विभेद कम हुँदै गए पनि पूर्ण रूपमा अन्त्य नभएकाले अझै प्रयास गर्नुपर्ने बताइन् ।

दलित महिला संघ बाँकेकी अध्यक्ष निर्मला सुनारले श्रममा हुने विभेद अन्त्य गर्न सबैको एक्यबद्धता आवश्यक रहेको बताएकि छिन् । नेकपा समाजवादी नेतृ नारायणी ओलीले महिला अधिकारको लडाइ अझै कायम रहेको भन्दै महिला दिवसलाई सार्थक बनाउन सबै खाले विभेद हटाउनुपर्ने बताएकि छिन् ।

सामाजिक विकास समिति संयोजक इश्वरी विकको स्वागत मन्तव्य रहेको उक्त कार्यक्रममा महिला बालबालिका तथा समावेशीकरण शाखाकी प्रमुख घटना शाहका अनुसार विभिन्न प्रतियोगिताका विजयी खेलाडीहरूलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गरिएको थियो ।

कार्यक्रममा जिल्ला समन्वय समितिका उपप्रमुख सीता कार्की, नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मान बहादुर गिरी, वडा अध्यक्षहरू, कार्यपालिका सदस्यहरू, शिक्षक, विद्यार्थी, सहकारीकर्मी लगायतको उपस्थिति रहेको थियो ।

# सुर्खेत र धनगढी विमानस्थलमा यती एअरलाइन्सको परीक्षण उडान

**युग संवाददाता**
**सुर्खेत, २४ फागुन ।**



वायुसेवा कम्पनी यती एअरलाईन्सले शनिबार सुर्खेत र धनगढी विमानस्थलमा सफलतापूर्वक परीक्षण उडान सम्पन्न गरेको छ। यती एयरलाईन्सले कर्णाली र सुदुरपश्चिममा सेवा विस्तारका लागि परीक्षण उडान गरेको हो।


यती एअरलाईन्सको एन-एएमएन एटीआर ७२ सिटे विमानले कर्णाली प्रदेशको सुर्खेत विमानस्थल र सुदुरपश्चिम प्रदेशको धनगढी विमानस्थलमा सफलतापूर्वक परीक्षण उडान गरेको यति यएरलाइन्सका प्रवक्ता सुदर्शन बर्तौलाले बताए।

‘नेपालगन्ज विमानस्थलबाट उडेको यतीको विमान सुर्खेत विमानस्थलमा आज दिउँसो सवा १२ बजे अवतरण गरेको थियो। भने नेपालगन्जबाटै उडेको सोही विमान दिउँसो साढे १ बजे धनगढी बिमानस्थलमा अवतरण गरेको थियो,’ उनले भने, ‘परीक्षण उडानमा रहेको उक्त विमानलाई यती एअरलाईन्सका प्रशिक्षक पाइलटद्वय क्याप्टेन समर्थरत्न तुलाधर र क्याप्टेन राजु राजवंशीले उडान भरेका थिए।’

परीक्षण उडानका लागि नेपाल नागरिक उड्डयन प्राधिकरणका तथा यती एअरलाईन्सका प्राविधिक तथा प्रतिनीधिहरुको टोली साथमा रहेका थिए। यात्रुहरुको मागलाई ध्यानमा राखी उडानको दायरा बढाउदै आफ्नो बजार हिस्सा विस्तार गर्ने उद्देश्य यती एअरलाईन्सले परीक्षण उडान गरेको जनाएको छ।

यती एअरलाईन्सले सात वटा एटीआर ७२ विमानमार्फत नियमित रुपमा काठमाडौं, चन्द्रगढी, विराटनगर, जनकपुर, सिमरा, पोखरा, भैरहवा, नेपालगन्ज विमानस्थललगायत पर्वतीय उडानहरु गर्दै आएको छ।

## घुयँत्रो



आजकल सडकलाईनि भ्याई नभ्याई छ बिचरा ! एकथरि राजा आउ देश बचाउ भन्दै सडकाँ उफ्र्याछन अनि अर्कोथरि अब देशमा राजा आउन सम्भब छैन भनेर तराईमा मासुभात खाएर आनन्दका दिन कटाई रा’ छन ।अर्को एकथरि सरकारी भान्सेचाइँ मन्त्री भएर नि यौटा निर्देशकसित मिलेर काम गर्न नसकेर उसित पौंठेजोरी खेल्दै जनताको सार्वभौम सदनमा आफ्नो देशमा भारतले बत्तिदेर अँध्यारोबाट उज्यालोतिर गा हो भनेर सांसदहरुलाई सदनमै गुमराहमा पार्न खोज्दैछ ।अनि त्यसको गुन भारतलाई जानू पर्छ हाम्रो देशको बिद्युतको निर्देशकलाई दिनु हुन्न भनेर रुवाबासी गरि रहेकोछ। ठाउँ ठाउँमा भा’का यी चटक हेर्ने फुर्सद बिचरा जनतालाई छैन। त्यसैले जनतापनि कसका कुरा पत्याउने कस्का नपत्याउने अलमलमा छन। सत्ताँ जान नपाएर तिलमिलाका पन्चहरु काँग्रेस , एमाले र माओवादिहरुबीच एकआपसाँ फाटो भा’ को बेलाँ सत्ता चढने भर्याङको रुपमा राजसत्तालाई फर्काउन सकिन्छकि भनेर “राजा आउ देश बचाउ“ भनेर सडक तताउँदैछन। पैलापैला त नाकै खुम्च्याएर हेर्नू पर्ने जुलुस लेर हिँड्ने पन्चहरले यो चोटि भने घाँटी तानितानि हेर्नू पर्ने खालको जुलुसलेर हिँड्या देख्दा सर्बसाधारण नागरिक पनि गणतन्त्रवादि भनाउँदा यस्ता भष्टाचारी नेता भन्दा त बरु राजै ठिक भनेर दुखेसो भनौँ या आफ्नो मनको बह पोख्ने गरेको धेरै ठाँ सुनिने गर्याछ। त्यसैले भन्न सकिन्न यी नेताहरुका कुकृत्य र भष्टाचारलाई हेर्दा त जनता हिजो गणतन्त्रका लागि भनेर जसरि सडकाँ ओर्लिए त्यसैगरि सम्बैधानिक राजतन्त्रका लागि नओर्लेलान भन्न सकिन्न। हिजो राज्यले यौटा राजा पाल्ने जिम्मेवारी लिएकोमा ऐले हजारौँ राजा पाल्नु पर्दा राज्यपनि थाकि सकेकोछ। जनताको शक्ति सर्वशक्तिमान हुन्छ भने हिजो राजा फाल्ने शक्तिले आज राजा ल्याउन पनि सक्छ। त्यसैले गणतन्त्रको आडमा लुटतन्त्र मच्चाउने नेताहरु तिमिहरुलाई गणतन्त्र नै चाहिएको हो भने जनतासँग माफि मागेर उप्रान्त आँफूहरु सुध्रिने र देशलाई समृद्धितिर लैजाने बाचा गर हैन भने तिमीहरुले असम्भब देखेको कुरापनि सम्भब हुन सक्छ। राजनीति हो राजनीतिमा जे पनि हुन सक्छ। जुन कुराको साँक्षि १७ बर्षदेखिको गणतन्त्र छ। तिमीहरुमा चेतना भया !!


## बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८१/११/२५)

वीरेन्द्रनगर औद्योगिक क्षेत्र भित्र Upgradation of pipeline inside Birendranagar Industrial District, Contarct ID:- BirIDMO/2081/082/CWK-03 कार्य गर्नको लागि सम्बन्धित निकायबाट कार्य गर्ने इजाजत प्राप्त, मू.अ.करमा दर्ता भएका, पछिल्लो आ.व.को कर चूक्ता गरेका इच्छुक कम्पनी फर्महरुबाट बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। बोलपत्र E-bidding मार्फत पेश गर्न सकिने छ। विस्तृत जानकारीको लागि www.bolpatra.gov.np/egp मा हेर्न सकिनेछ।

**औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड**
**शाखा कार्यालय**
वीरेन्द्रनगर, औद्योगिक क्षेत्र।
फोन नं.०८३-५२०१३०



**सामेल एग्रिकल्चर प्रा.लि.**
वीरेन्द्रनगर-१२, एरपोटको पश्चिम पट्टि, सुर्खेत

हामी कहाँ विभिन्न किसिमका प्लाष्टिक टनेल, नेचुरल भेन्टिलेट, सेमी हाईटेक, हाईटेक तथा नर्सरीका सामग्रीहरू, कृषि औजार, अर्गानिक मल, कृषिका विविध सेवा परामर्श, टनेल निर्माणका लागि हामीलाई सम्झनुहोस् ।

budhakarna287@gmail.com
थप जानकारीका लागि : ९८५८०७१९०२



घरायसी सामानहरुका लागि :

**भवानी अर्डर एण्ड सप्लायर्स**
वीरेन्द्रनगर-६, सुर्खेत,
सम्पर्क नं. ९८४८२१५६००, ९८५८०२२७१८

हामी कहाँ मिक्चर, ग्याँस चुल्हो, राइसकुकर, कराई, कोला बोतल, फिल्टर, थर्मस, ईलेक्ट्रिक जग, थर्मस, आइरन, फेन, डिस्पेन्सरका साथै विभिन्न ब्राण्डका एसी.टि.भी. फ्रिज थोक तथा फुटकर मुल्यमा पाईन्छ ।



**घर निर्माण कार्यको लागि सम्झनुहोस्**

हामी कहाँ J.C.B. टिपर, ट्र्याक्टर, ढुङ्गा, बालुवा, इट्टा, पानी टेङ्कर, मिक्चर मेशिन, ट्र्याङ्कर, जनेरेटर, भाइब्रेटर तथा विभिन्न साईजका पिलर फर्मा आदिका लागि सम्झनुहोस् ।
DIN कम्पनिका ब्रेकर समेत बिक्रि गरिन्छ।

प्रो. शिवराज शाही
**शिवराज सप्लायर्स**
वी.न.पा.-३, सुर्खेत, । फोन ९८५८०४९५३५, ९८१२४३२२००



**९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर**

**हाम्रा विशेषताहरू**
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा निःशुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफनै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मोः नं ९८४८०७६८५६ (डी.बी. राना)



मिस्त्री गुरुङ्ग दाई
हेमराज बुढा
९८५८०५५६२९
९८५१३२९१६९
९८४९३२१४४२

**भवानी अटो वर्कसप**
वीरेन्द्रनगर-१२, एयरपोर्ट चोक, सुर्खेत

**हाम्रा सेवाहरु**
- गाडीको डेण्ट, पेन्ट, प्लाष्टिक वल्डिङ्ग
- चार पाङ्ग्रे सबै गाडीको इन्जिन मर्मत गर्नुका साथै बोरिङ गरिन्छ ।
- बाटोमा, घरमा गाडी बिग्रिए सोही ठाउँमा पुगेर मर्मत गरिन्छ ।
- डिजेल, पेट्रोल र इलेक्ट्रोनिक्स गाडीका पार्टस पाउनुका साथै अनुभवी, दक्ष मिस्त्रीबाट मर्मत गरिन्छ ।
- गाडी वासिङ (धुलाई) सरसफाई गरिन्छ ।
- सबै खाले गाडी तथा ड्राइभर (चालक) भाडामा चाहिएमा हामीलाई सम्झनुहोस् ।

TOYOTA | BYD | Mahindra | FORCE | ISUZU | FOTON | TATA
Servicing | Repair | Denting | Panting | Washing


**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके **शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: भवानी छापाखाना, सुर्खेत ।